

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ४ गते सोमबार ❑ 17 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सुशासन र समृद्धि मूल लक्ष्य : सभापति लामिछाने

**रासस**
दमौली, ३ बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सुशासन र समृद्धि मूल लक्ष्यसहित पार्टीको स्थापना भएको बताउनुभएको छ । तनहुँको दमौली बजारमा आज आयोजित चुनावी सभामा सभापति लामिछानेले सुशासन र समृद्धि मुख्य प्राथमिकता रहेको उल्लेख गर्नुभयो ।

"देश बनाउने सङ्कल्प बोकेर अगाडि बढेका छौँ, यो मुद्दामा सबै राजनीतिक दलबीच सहमति आवश्यक छ," उहाँले भन्नुभयो । सभापति लामिछानेले योग्य र सक्षम मानिस ल्याएर देशलाई समृद्ध बनाएरै छाड्ने दाबी गर्नुभयो । देशको भ्रष्टाचारका सूचक हेर्ने हो भने भ्रष्टाचारलाई जीवनशैली मान्न थालिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "मुलुकमा भ्रष्टाचारको सफाइ आवश्यक छ । भ्रष्टाचार रोग बनिसकेको छ, यसले




नेपाललाई धराशयी बनाउँछ । यसको विरुद्धमा उभिनैपर्छ भनेर यसको विरुद्धमा उभिएका छौँ ।" सभापति लामिछानेले आफूहरु गालीगलौजको राजनीति नगर्ने बताउँदै निर्वाचनका बेला रास्वपामाथि अनेक किसिमका आरोप लगाइएको बताउनुभयो । पैसाको बार्गेनिङ गरेको आरोपमा प्रतिनिधिसभा सदस्यलाई कारबाही गरेर इमान हुनुपर्छ भन्ने सन्देश दिएको उहाँको भनाइ थियो । मन्त्री बन्न पैसाको बार्गेनिङ गरेको सञ्चारमाध्यममार्फत सार्वजनिक भएलगत्तै आफूले ७२ घण्टाभित्र कारबाही गर्छु भनेरे बोलेका कुरा पूरा गरेको लामिछानेले बताउनुभयो । तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार डा स्वर्णिम वाग्लेले राजनीति सङ्ल्याउने र अर्थतन्त्र उकास्ने मूल कार्यसूची लिएर चुनावी मैदानमा उत्रिएको बताउनुभयो । डा वाग्लेले जिल्लामा विकासका आयोजनाको काम सुरु भए पनि अलपत्र अवस्थामा रहेकाले त्यसलाई पूर्णता दिने प्रतिबद्धता जनाउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री डा मुकुल ढकालले देशलाई समृद्धि बनाउने अभियानसहित रास्वपाको उदय भएको बताउनुभयो । काठमाडौँ-८ का प्रतिनिधिसभा सदस्य विराजभक्त श्रेष्ठले निर्वाचनका बेला जनता लोभमा प्रभावित हुन नहुने बताउनुभयो । काठमाडौँ-६ का प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री शिशिर खनालले विदेशमा पढेर आएकाहरु राजनीतिमा आउनहुन्न भन्ने गलत भ्रम फैलाइएको बताउनुभयो । काठमाडौँ-२ का प्रतिनिधिसभा सदस्य सोविता गौतमले राष्ट्रिय स्वतन्त्र पार्टी जनताको भरोसाको पार्टीका रुपमा विकास भएको बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य रमेश प्रसाईँले विश्वले चिनेको स्वर्णिम वाग्लेलाई आज संसद्ले खोजेको बताउनुभयो ।

## परराष्ट्रमन्त्रीमा एनपी साउद

**पोखरापत्र संवाददाता**
दमौली, ३ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलबाट नवनियुक्त परराष्ट्रमन्त्री नारायणप्रकाश (एनपी) साउदले शपथ लिनुभएको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा आइतबार आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले मन्त्री साउदलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो । नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य साउदलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आजै परराष्ट्रमन्त्रीमा नियुक्त गर्नुभएको हो । शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री दाहाल, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना उपस्थित हुनुहुन्थ्यो । आइतबारनै मन्त्री साउदले मन्त्रालय पुगी पदभार सम्हाल्नुभएको छ ।

कांग्रेस केन्द्रीय सदस्य साउद यसअघि २०७० सालमा



सिँचाईमन्त्री र विसं २०५७ मा शिक्षा तथा खेलकुद राज्यमन्त्री हुनुभएको थियो । कांग्रेस नेता साउँद विसं २०५६ र २०७० मा कञ्चरपुरको क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँ गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा कञ्चनपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।

विसं २०३६ मा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) सँग जोडिएर राजनीतिमा होमिनुभएका उहाँ विसं २०४३ मा नेविसङ्घको उपसभापति हुँदै २०४८ सालमा केन्द्रीय सभापति हुनुभएको थियो । पिता खड्गसिंह साउद र माता कौशिल्यादेवी साउदको कोखबाट विसं २०१९ साउन २५ गते (सन् ९ अगष्ट, १९६२) डडेल्धुरामा जन्मनुभएका उहाँको स्थायी ठेगाना कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-६ हो । उहाँले भारत, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, संयुक्त अधिराज्य, बेल्जियम, नेदरल्याण्ड्स, डेनमार्क, फ्रान्स, जर्मनी, फिलिपिन्स, दक्षिण कोरिया, इजिप्ट, जापान, सिङ्गापुर, कतार, थाइल्याण्डलगायत देशको भ्रमण गर्नुभएको छ ।

## वर्तमान आर्थिक सङ्कट समाधान गर्ने रणनीति बनाउनुपर्छ : अध्यक्ष ढकाल

**रासस**
काठमाडौं, ३ बैशाख

नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्ष चन्द्रप्रसाद ढकालले वर्तमान आर्थिक सङ्कट समाधानको रणनीति बनाएर अघि बढनुपर्ने बताउनुभएको छ ।

महासङ्घ ५७औँ वार्षिक साधारणसभाबाट अध्यक्षको पदभार सम्हाल्नुभएका उहाँले मेलमिलाप केन्द्र सञ्चालन गर्ने निर्णयमा हस्ताक्षर गर्दै मुलुकको आर्थिक सङ्कट समाधान गर्ने रणनीति बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । "वर्तमान आर्थिक सङ्कट समाधानको रणनीति तयार गर्नुपर्छ, लगानीको वातावरण बनाउनुपर्छ, राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने योजना बनाउनुपर्छ", अध्यक्ष ढकालले भन्नुभयो, "दक्ष जनशक्ति उत्पादन र रोजगारी सृजना गर्ने र व्यवसायीको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान निर्धारण गर्ने आफ्ना प्रमुख प्राथमिकता रहेकाले सोही अनुसार आफू र टिमले काम गर्नेछ ।" सानो व्यवसायबाट सुरु गरेको व्यवसायी आज सिङ्गो निजी क्षेत्रको नेतृत्वदायी पदमा पुग्दा आफूलाई गर्व लागेको उल्लेख गर्दै उहाँले यसले महासङ्घ सानाठूला सबैको साझा संस्थाप्रति खुसी व्यक्त गर्नुभयो ।

महासङ्घ सचिवालय र यसअन्तर्गका परियोजनाका कर्मचारीको उपस्थिति रहेको उक्त कार्यक्रममा अध्यक्ष ढकालले आफ्नो कार्यकाललाई सफल पार्न सचिवालयका कर्मचारीहरूको महत्वपूर्ण भूमिका हुने भएकाले सहयोगका लागि आग्रह गर्नुभयो ।

निर्वाचित समूह र सचिवालय एकै स्वर र लक्ष्यका साथ हिँड्न सकेमात्र महासङ्घले उचाइ लिने हुँदा सिङ्गो कर्मचारी परिवारलाई इमान्दारिता र प्रतिबद्धताका साथ सहयोग गर्न पनि उहाँले आग्रह गर्नुभयो ।

कर्मचारीहरूको वृत्ति विकास, सचिवालयको प्रभावकारी सञ्चालन, सेवासुविधा लगायतमा पनि आफूले ध्यान दिई समग्रमा महासङ्घ सचिवालयलाई एक प्रोफेसनल अर्गनाइजेसनका रूपमा सञ्चालन गर्ने उहाँको भनाइ थियो । "मैले यसअघि पनि तपाइँहरूबाट निरन्तर सहयोग पाउँदै आएको छु, अध्यक्षको कार्यकालमा पनि सोही अनुसारले पाउने अपेक्षा गरेको छु", अध्यक्ष ढकालले भन्नुभयो, "मेरो सफलता तपाइँहरूको पनि सफलता भएकाले पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।"

## प्रतिनिधिसभाको उपनिर्वाचनमा नेपाली सेना परिचान गरिने

**रासस**
काठमाडौं, ३ बैशाख

प्रतिनिधिसभा सदस्य उपनिर्वाचन स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न गर्न नेपाली सेना परिचालन गरिने भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख १० गते हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचन स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न गर्न सेना परिचालन गर्ने स्वीकृत दिनुभएको छ । राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले आइतबारजारी गर्नुभएको प्रेस विज्ञप्तिमा भनिएको छ, "एकीकृत सुरक्षा कार्य योजना, २०७९ मा व्यवस्था भएअनुसार सुरक्षा निकायबीच एकीकृत तथा समन्वयात्मक रूपमा सुरक्षा प्रदान गर्ने कामका लागि राष्ट्रिय सुरक्षा परिषद्को मिति २०७२/१२/२८ को सिफारिसका आधारमा मन्त्रिपरिषद्को मिति २०७१/१२/२८ को निर्णय तथा प्रधानमन्त्रीको मिति २०७१/१२/३० को पत्रको आधारमा सम्वत् २०८० साल वैशाख १० गते हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचन कार्यमा नेपाली सेना परिचालन गर्न नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम स्वीकृति प्रदान गर्नुभएको छ ।"

## सुब्बा नाथु र प्रल्हादलाई राष्ट्रिय विभूतिको रुपमा घोषणा गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

अंग्रेज र नेपालबीच राजगढको युद्धमा विरगति प्राप्त गरेका सुब्बा नाथु गुरुङ र सुब्बा प्रल्हाद गुरुङलाई राष्ट्रिय विभूतिको रुपमा घोषणा गर्न माग गरिएको छ ।

करिब २ सय बर्ष अघि विरगति प्राप्त गरेका कास्कीको माछापुच्छ्रे गाउँपालिका ५ रिभानका नाथु र प्रल्हादलाई राष्ट्रिय विभूति घोषणा गर्न सुब्बा नाथु प्रल्हाद प्रतिष्ठान कास्कीले माग गरेको हो ।

नेपाल एकीकरणको क्रममा राजगढको लडाईमा अंग्रेज बिरुद्धको लडाईमा विरगति प्राप्त गरेका उनीहरुको सम्मानमा राष्ट्रिय विभूति घोषणा गर्न आफुहरुले सरकारसँग माग गरेको प्रतिष्ठानका अध्यक्ष क्या. धर्मधोज गुरुङले आइतबार पोखरामा आयोजित पत्रकार





सम्मेलनमा बताए ।

अंग्रेज फौजसँग लड्दालड्दै विसं १८७२ वैशाख ६ गते प्रल्हाद गुरुङले विरगति प्राप्त गरेको उनले बताए । सोही लडाँईमा सहाभागी भएका सुब्बा नाथु गुरुङको भने विसं १९७९ पौष २९ गते आफ्नै घर रिभानमा निधन भएको थियो ।

नेपाल राष्ट्रको निर्माणमा योगदान दिएका व्यक्तिहरुलाई सरकारले सम्मान गर्नुपर्ने बताए । सुब्बा नाथु गुरुङ र प्रल्हाद गुरुङ रिभानचौर ङेह्रो पैंगिलामा गुरुङहरुका मात्र पूर्वज नभई उनीहरु राष्ट्रिय विभूतिको रुपमा रहेकोले उनीहरुको बारेमा पाठ्य क्रममा समेत समावेस गर्नुपर्ने उनले जनाए ।

गुरुङद्धयको योगदानको कदर गरी तत्कालीन सरकारले नागरा निशान र गुठी जग्गा अर्पण गरेर सम्मान गरेको प्रतिष्ठानका सल्लाहकार क्या डम्मरबहादुर गुरुङले जनाए । उनीहरुले युद्धमा प्रयोग गरेका हातहतियारहरु संग्रहालमा सुरक्षित राखिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानले यही वैशाख ६ गते सुब्बा प्रल्हाद स्मृति दिवसका अवसरमा विभिन्न कार्यक्रम गर्ने जनाएको रिभानचौर नाथु प्रल्हाद ङेह्रो पैगिलामा परिवारका महासचिव यामबहादुर गुरुङले बताए । प्रल्हाद स्मृति दिवसका अवसरमा प्रा.डा. जगमान गुरुङको प्रमुख आतिथ्यमा माछापुच्छ्रे गाउँपालिका वडा नं २ भराभरीमा गोष्ठीको आयोजना हुने तयरी गरिएको उनले जनाए ।

त्यसैगरी रिभानचौर नाथु प्रल्हाद ङेह्रो पैगिलामा परिवारभित्रकास्नातकअध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण र पृथ्वीनारायण क्याम्पसमा इतिहास विषय अध्ययनरत उत्कृष्ट विद्यार्थीलाई नगद सहित पुरस्कृत गरिने प्रतिष्ठानले जनाएको छ । उक्त लडाईमा विरगति प्राप्त गरेका अन्यलाई राज्यले राष्ट्रिय विभूतिका रुपमा सम्मान गरे पनि गुरुङद्धयलाई पनि सम्मान गर्नुपर्ने प्रतिष्ठानले माग गर्दै आएको छ ।

# कृषक सम्मान गर्दै सकियो आलु महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

चैत २६ गतेदेखि सुरु ११ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव आइतवार सकिएको छ । समापन समारोहका बीच कृषक सम्मान, कृषक परिचयपत्र वितरण, कृषि एम्बुलेन्स प्रदर्शनी लगायत विभिन्न पुरस्कार वितरण गरिएको छ।

पोखरा महानगरपालिका कृषि तथा पशु विकास महाशाखाको समन्वयमा विभिन्न वडाका उत्कृष्ट २४ किसानलाई सम्मानपत्र सहित नगदले सम्मान गरिएको हो ।त्यस्तै हेमजाका किसानहरु देवीरमण पौडेल, अमृत पौडेल, बीरबहादुर कार्की, सुनिता श्रेष्ठ, शीलशोभा नेपाली र निरज तिम्सिना साथै शिक्षासेवीद्वय चर्तुरमान् श्रेष्ठ र टासी फुनचोक पनि सम्मानित हुनुभयो ।त्यस्तै कृषि तथा पशु विकास शाखाले किसान परिचय पत्र पनि वितरण गरेको छ। समापन समारोहलाई सम्बोधन गर्दै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले क्लवले सराहनीय कार्य गरेको चर्चा गर्नुहुँदै आगामि वर्षदेखि आलु महोत्सवलाई रातो कितावमा नै व्यवस्था गरी




रकम विनियोजन गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले एक वडा एक उत्पादन गर्ने उद्देश्यका साथ महानगर अगाडि बढिरहेको छ भन्दै कृषिलाई आयआर्जनसँग जोडे मात्रै समृद्धि हासिल हुनसक्ने पनि औँल्याउनुभयो । क्लवको बुहुउद्देश्यीय भवन निर्माणमा पनि महानगर सहयोग गर्न तत्पर रहेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

पोखरा २५ हेमजाका वडाध्यक्ष एवम् महानगरपालिकाका प्रवक्ता मोतिलाल तिम्सिनाले आलु महोत्सवको चर्चा देशविदेशमा हुने गरेकोमा खुशी व्यक्त गर्दै योसँगै हेमजाको इज्यत बढेको स्पष्ट पार्नुभयो ।प्रवक्ता तिम्सिनाले महोत्सवका महानगरको कृषि महाशाखाको भूमिका प्रशम्सनीय रहेको पनि जनाउनुभयो । कृषि अनुसन्धान निर्देशनालय लुम्लेका निर्देशकडा.कालिकाप्रसादउपाध्यायले हेमजामा लगाइने एमएस् ४२ जातको आलु उन्मोचनमा निर्देशनालयको भूमिका महत्वपूर्ण रहेको स्मरण गर्दै आलु उत्पादन गर्ने क्षेत्र घट्दै जानु दुःखद् भएको औँल्याउनुभयो । त्यस अवसरमा पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाँ, विष्णुपादुका माविका अध्यक्ष कृष्ण नेपाली, महिला संजाल हेमजा अध्यक्ष रमा त्रिपाठी, मानव सेवा आश्रमका अभियान्ता मदन थापा, कृषि संजालका अध्यक्ष राजेन्द्र कार्की लगायतले पनि धारणा राख्नुभयो । महोत्सवमा करिव पाँच करोड रुपैयाँका कारोवार भएको छ । आलु मात्रै ८० टन बिक्री भएको छ। हेमजाको आल छिटो पाक्ने, विषादी कम प्रयोग हुने तथा स्वादिष्ट रहेकाले त्यहाँ उत्पादित आलुको माग उच्च हुने गरेको कृषक परिचालन उपसमितिका संयोजक जयराम तिमिल्सीनाले जानकारी दिनुभयो । महोत्सवकै अवसरमा भएका रत्यौती गीत, झाँकी प्रदर्शनी लगायका सहभागिलाई क्लवले सम्मान गरेको छ । त्यस्तै प्रत्येक आमा समूहलाई दुई वटाका दरले कर्ची समेत प्रदान गरिएको छ ।

महोत्सव अर्न्तगत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटविरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम गरिएको हो। मूल समारोह समितिका अध्यक्ष सुविन श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सांस्कृतिक उपसमिति संयोजक दानबहादुर थापाले स्वागत तथा महासचिव वसन्तकुमार श्रेष्ठ तथा उद्घोषक नेत्रपाणि बास्तोलाले कार्यक्रम संचालन गर्नुभयो ।



फेवातालमा पर्यटक :
पोखराको फेवातालमा आइतबार दिउसो डुङ्गा चढेर तालबाराही मन्दिरको दर्शनका लागि जाँदै पर्यटक । तस्बिरः कृष्ण दवाडी / रासस

# स्वास्थ्य र पर्यटनको लागि हाइकिङको ३३ औं श्रृङ्खला

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख




स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ हरेक महिनाको अन्तिम शनिबार ३३ औं श्रृङ्खाला कास्कीको पर्यटकीय गाउँ मिर्सामा सम्पन्न गरेको छ।

कास्की जिल्ला भित्र सामुदायिक होमस्टे संचालन गरेका कालाबाङ घरेडी सामुदायकि होमस्टेका अध्यक्ष याम बहादुर गुरुङ, अर्मलाकोट सामुदायिक होमस्टेका अध्यक्ष वविता गुरुङ र सचिव झलश्री गुरुङ पहिलो पटक हाइकिङमा सहभागी भएका थिए । उनिहरुले पनि हाइकिङले होमस्टेको प्रवर्द्धनमा सहयोग पुग्ने प्रतिक्रिया दिएका थिए । हाइकिङ गर्न रुचाउने १० वर्ष देखि ६५ वर्षसम्मका विद्यार्थी, व्यवसायी, समाजसेवी, पत्रकार, वैदेशिक रोजगारबाट फर्किएका, पर्यटन व्यवसायी, शिक्षा सेवी लगाएत ३२ जनाको सहभागिता रहेको थियो ।

गाउँ पर्यटन प्रबर्द्धन मञ्च (भिटोफ) गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारी र पुर्व अध्यक्ष तथा पोखरा महागरपालिका पर्यटन विकास समितिका उपाध्यक्ष रवीन्द्रराज पौडेले हाइकिङलाई ग्रामिण पर्यटन संग जोड्न सकेमा मात्रै नेपालको पर्यटन विकास हुने वताएका छन् । हाइकिङको ३३ औं श्रृङ्खलासम्म ल्याउन पनि भिटोफको प्रत्यक्ष अप्रत्यक्ष भुमिका रहेको छ ।

# जनप्रतिनिधिका छोराछोरी सामुदायिक विद्यालयमा भर्ना

**पोखरापत्र संवाददाता**
दमौली, ३ बैशाख

आँबुखैरेनी गाउँपालिकाका जनप्रतिनिधिले छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गर्न थालेका छन् । गाउँ कार्यपालिकाको बैठकबाट नयाँ शैक्षिकसत्रबाट जनप्रतिनिधिका छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय भएपछि जनप्रतिनिधिले सामुदायिक विद्यालयमा छोराछोरी भर्ना गराउन थालेका हुन् ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले दुई छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गरिसक्नुभएको छ । छोरा अनुराग चुमानलाई आँबुखैरेनी गाउँपालिका-२ स्थित अन्नपूर्ण प्राथमिक विद्यालयमा कक्षा २ मा र छोरी अक्षरा चुमानलाई आँबुखैरेनी -३ स्थित रामशाह माध्यमिक विद्यालयमा कक्षा ७ मा भर्ना गराएको अध्यक्ष चुमानले जानकारी दिनुभयो । अध्यक्ष चुमानका छोराछोरी यसअघि आँबुखैरेनी गाउँपालिका-३ स्थित मर्स्याङ्दी बालज्योति बोर्डिङ स्कुलमा अध्ययनगर्दथे।सामुदायिक विद्यालयको शैक्षिक सुधार अभियानअन्तर्गत जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य सामुदायिक विद्यालयमा पढाउने निर्णय गरिएको जनाउँदै उहाँले भन्नुभयो, "हालसम्म पाँच जनप्रतिनिधिले छोराछोरीलाई सरकारी विद्यालयमा भर्ना गराइसक्नुभएको छ, भर्ना गराउने क्रम जारी छ।" आँबुखैरेनी-५ का वडाध्यक्ष सन्तोष गुरुङले दुई छोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्दै हुनुहुन्छ।

गाउँपालिकाका प्रवक्ता प्रेमबहादुर गुरुङका अनुसार गाउँपालिकाका ३२ जनप्रतिनिधिले छोराछोरी एवं नातिनातिनीलाई सामुदायिक विद्यालयमा भर्ना गर्न लागेका छन् । गाउँपालिकाले विसं २०८० लाई सामुदायिक विद्यालयको शिक्षा रुपान्तरण अभियानका रूपमा अगाडि बढाउँदैछ। सामुदायिक विद्यालयको सुधारका निम्ति सुविधासम्पन्न भौतिक पूर्वाधारको व्यवस्थापन, पूर्ण दरबन्दीको व्यवस्थापन, सिकाइ गुणस्तर अभिवृद्धिलगायतका कार्यक्रम सञ्चालन गरिने चुमानले जानकारी दिनुभयो । आँबुखैरेनी गाउँपालिकाका छवटा वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा चार सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । "सामुदायिक विद्यालयको स्तर सुधार्नुपर्छ भनेर भाषणमा त भन्छौं, व्यवहारमा उतार्दैनौं, अब जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य सामुदायिक विद्यालयमा पढाउनुपर्ने नियम बनाएका छौं", उहाँले भन्नुभयो, "यसले गर्दा सरकारी विद्यालयप्रति अपनत्व बढ्छ ।" गाउँपालिकाले सामुदायिक विद्यालयमा पढाउने परिवारलाई कर छुट दिने नीतिसमेत ल्याएको चुमानले बताउनुभयो । त्यस्तै सामुदायिक विद्यालयमा छोराछोरी पढाउने वडा नं ४, ५ र ६ का परिवारका लागि पालिकाले निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिने उहाँले बताउनुभयो । "सामुदायिक विद्यालयमा आकर्षण वृद्धि गर्ने उद्देश्यसहित कर छुट, स्वास्थ्य बीमाको योजना ल्याइएको हो", अध्यक्ष चुमानले भन्नुभयो ।

गाउँपालिकाले सामुदायिक विद्यालयमा अनुदानमा बस वितरणको तयार ीसमेत थालेको छ। पहिलो चरणमा तीनदेखि पाँचवटा विद्यालयलाई बस हस्तान्तरण गरिने उहाँले बताउनुभयो । गाउँपालिकाले आमा समूह भवनका लागि बजेट विनियोजन गर्नुभन्दा उक्त बजेट विद्यालयको सुधारमा खर्च गर्ने निर्णय गरेको छ। सरकारी विद्यालयको गुणस्तर सुधारका लागि भौतिक एवं शैक्षिक क्षेत्रमा जोड दिइएको चुमानले बताउनुभयो । "कार्यालयको सवारी पुरानो भइसकेको छ, कतै जाँदा दुःख दिन थालेको छ। तर हामीले नयाँ गाडी किन्ने निर्णय गरेनौँ", उहाँले भन्नुभयो, "बरु उक्त रकम विद्यालयमा लगानी गर्ने निर्णय गरेका छौं । सरकारी विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन बस वितरणको तयारी गरेका छौं।"

# कतारी राजकुमारी थानीद्वारा अन्नपूर्ण आरोहण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ बैशाख

कतारको राजपरिवारका सदस्य शेखा अस्मा अल थानीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गर्नुभएको छ । इलाइट एक्सपिडिसनमार्फत उहाँले शनिबार अपराह्न ४ बजे आठ हजार ९१ मिटर अग्लो अन्नपूर्णको चुचुरोमा पुग्न सफल हुनुभएको हो। अन्नपूर्ण प्रथम हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा अवस्थित छ।

पर्वतारोही निर्मल पुर्जा (निम्स) नेतृत्वको शेर्पाहरूको टोलीको सहयोगमा थानीले अन्नपूर्ण आरोहण गर्नुभएको इलाइट एक्सपिडिसनका निर्देशक मिङ्मा डेभिड शेर्पाले जानकारी दिनुभयो । "विश्वको दशौं अग्लो शिखर अन्नपूर्ण हिमालको आरोहण गर्ने थानी पहिलो कतारी महिला बन्नुभएको छ", उहाँले भन्नुभयो, "आस्मासहित अमेरिकाकी अन्ना गुटु र फ्रान्सकी अलस्डेयर स्कट म्याकेन्जीले पनि अन्नपूर्ण आरोहण गर्नुभएको छ।"

टोलीमा रहेका मिङ्मातेन्जी शेर्पा, दोर्ची शेर्पा र तेजन गुरुङले पनि अन्नपूर्णलाई सफलतापूर्वक आरोहण गर्नुभएको छ। राजकुमारी अल थानीले यसअघि सगरमाथा, धवलागिरि, कञ्चनजङ्गा, लोहोत्से, आमादम्बा, मनास्लु, केटु हिमालको आरोहण गर्नुभएको थियो । पेसाले चिकित्सक रहेकी थानी कतारको ओलम्पिक कमिटीको पनि नेतृत्व गर्नुभएको थियो। अन्नपूर्ण हिमाल आरोहणका लागि २०७९ फागुन २२ गते थानी म्याग्दीमा आउनुभएको थियो । कतारको राजपरिवारको सदस्यबाट भएको अन्नपूर्ण हिमाल आरोहणले यस क्षेत्रको पर्यटन प्रर्वद्धन र थप पर्यटक भित्र्याउन सहयोग पुग्ने अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका वडाध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो । अन्नपूर्ण प्रथम हिमालमा शनिबार बिहानदेखि चालु वर्षको वसन्त यामको आरोहण सुरु भएको हो । सेभेट समिट ट्रेकका पासाङनुर्वु शेर्पाको नेतृत्वमा तीन नेपाली, एक पाकिस्तानी र एक जना अष्ट्रेलियन पर्वतारोहीले पनि शनिबार अन्नपूर्ण आरोहण गर्नुभएको थियो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति बैशाख २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।


बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# संसदको क्यालेन्डर बनाऊ

कुनै काम समयमा हुन नसक्ने नेपालको रोग हो। क्यालेन्डर बनाएर काम नगर्दा सबै तदर्थ बन्ने गरेका छन।गतिमा चल्न प्रतिनिधिसभा नियमावली पारित भएको दुई साता पुग्दा पनि विषयगत समिति गठन हुन सकेका छैनन्। सभामुख देवराज घिमिरेले २०७९ चैतभित्रै संसदीय समिति गठन गर्नका लागि राजनीतिक दलहरूबाट कुन समितिमा को सांसद रहने भनेर नाम पठाउन भने पनि ती नाम हात पार्न सकेका छैनन्। सभामुखले सांसदहरूलाई कुन-कुन समितिमा पठाउने भन्ने सूची दलका प्रमुख सचेतक, सचेतक तथा प्रतिनिधिसँग बारम्बार मागेका छन। सिंहदरबार र बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल, प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओली र संसद्को ठूलो दल कांग्रेसका नेता शेरबहादुर देउवालाई पनि दुई पटक संसदीय समिति गठनमा ढिलाई भएकाले सहयोग गरिदिन भनेका थिए। तीन ठूला दलका शिर्ष नेताको आइतबारको बैठक नै बस्न सकेन। तीन ठूला दलका नेताहरूले नै नाम पठाएका छैनन्।

संसदीय समिति गठनको बाटो गत चैत १९ मै खुलेको थियो। प्रतिनिधिसभाबाट नियमावली पारित गरेसँगै कति समिति बन्ने भन्ने यकिन भएको थियो। सभामुखको सचिवालयबाट सांसदहरूलाई समितिमा विभाजन गरेको नामावली माग भएको थियो। दलहरूका आ आफ्नै स्वार्थले गर्दा नाम जान सकेको छैन। माओवादी केन्द्रले संक्रमणकालीन न्यायसँग सम्बन्धित बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक समितिमा नलगी सदनबाटै पारित गर्न खोजेको छ। एमालेले संवैधानिक परिषद् सम्बन्धी विधेयक पारित गरेर मात्रै संसदीय समिति गठन गर्नुपर्ने स्वार्थ रहेको बताएका छन्। ती स्वार्थका स्वर कार्यव्यवस्था परामर्श समितिको बैठकमा सभामुखले समिति गठनको कुरा उठाउँदा प्रकट हुने गरेका छन्।

संसद् सचिवालयको कार्यव्यवस्था शाखामा कुन समितिमा को-को सांसद रहने भनेर जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीले मात्रै कुन समितिमा को-को सांसद रहने भन्ने सूची बुझाएका छन्। कांग्रेस, एमाले, माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीले सांसदहरको समिति विभाजन सूची तयार रहेको जवाफ दिने गरेपनि त्यो संसद् सचिवालयमा भने बुझाएका छैनन्। समिति गठनमा विवाद भने संयुक्त समितिमा कति राजनीतिक दलहरूको प्रतिनिधित्व हुने भन्ने पनि रहेको छ। संसदीय सुनुवाई समिति र राज्यका निर्देशक सिद्धान्त, नीति रञ दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति रहने संघीय संसद्का यी दुई समितिमा कुन-कुन राजनीतिक दलहरूको प्रतिनिधित्व हुने भन्ने जवाफ मागेको छ। एमालेले यी समितिमा संसद् राजनीतिक दलहरूको हैसियतका (प्रतिशत)का आधारमा हुनुपर्ने माग गरेको छ। एकीकृत समाजवादीले भने संयुक्त समितिमा दलको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ।

संविधानले संघीय संसद्का संयुक्त समितिमा १५-१५ सदस्य हुने व्यवस्था गरेको छ। संयुक्त समितिमा प्रतिनिधिसभाबाट १२ र राष्ट्रिय सभाबाट ३ सांसद रहने संवैधानिक व्यवस्था छ। कांग्रेसले समितिमा रहने सांसदहरूको सूची तय भएपनि प्रमुख सचेतक रमेश लेखक विदेश भ्रमणमा रहेकाले बुझाउन नसकिएको सभामुखलाई जानकारी गराएको छ। संसद्को विषयगत समिति गठन हुन ढिलाइ हुँदा संसदीय प्रक्रियामाथि नै गतिरोध उत्पन्न भएको छासमिति नबन्दाखेरी धेरै विषयहरू अन्योलतामा परेको छ।' संसदीय समिति गठन हुन नसक्दा संसद्मा विचाराधीन विधेयक छलफलमा चरणमा जान सकेको छैन।दलहरूको जुघाको लडाइँ बन्द गरेमा समिति बन्नेछ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# फेकोफन कास्कीको अध्यक्षमा विश्वनाथ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल कास्कीको सातौ अधिवेशनले विश्वनाथ लामिछानेको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ।

चार बर्षे कार्यकालको सो समितिको उपाध्यक्षमा चुडामणी अधिकारी, सचिवमा पार्वती सुवेदी, कोषाध्यक्षमा अम्विका बुढाथोकी, उपसचिवमा रमेश विश्वकर्मा निर्वाचित हुनु भएको हो। समितिको सदस्यहरुमा अनन्तराज अधिकारी, बुद्धिबहादुर घिमिरे, जिता पौडेल, शोभा आचार्य, शान्ति सापकोटा, इन्द्रबहादुर खत्री, मेधनाथ पराजुली, विमला खनाल, तिर्थ पौडेल, कविता विश्वकर्मा र रमादेवी गौतम रहनु भएको छ। सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सचिव ठाकुर भण्डारीले अधिवेशनको उद्घाटन गर्दै दिगो वन व्यवस्थापनका आधारमा वन पैदावारको उपयोग गर्नु पर्ने आवश्यकता औल्याउनुभयो।

वनको संरक्षण सम्वर्द्धन र विकासमा जोड दिदैं आएका उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्दै प्राकृतिक श्रोतलाई राज्यको समृद्धिमा उपयोग गर्नुपर्नेमा जोड दिदै उहाँले प्राकृतिक श्रोतको उपयोगमा तीनै तहका सरकार जिम्मेवार हुनु पर्ने बताउनुभयो। वन ऐन, विनियम र समूहको विधान एवम् कार्ययोजनाका आधारमा वन पैदावार उपयोग गर्न समुह सचेत हुनु पर्ने जोड दिदै भण्डारीले भन्नुभयो, समुहको अधिकार कुण्ठित हुने गरि हुने भएका कुनै पनि निर्णय महासँघलाई मान्य हुने छैन।

महासंघका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमालले महासंघले नेतृत्व विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। अर्का केन्द्रीय सदस्य हरिप्रसाद बास्तोलाले सामुदायिक वन समूहले प्राकृतिक श्रोतको भरपुर उपयोग गर्दै वन पैदावारमा आधारित उद्योग सञ्चालनमा जोडदिनु पर्ने आवश्यकता औल्याउनुभयो। महासंघ केन्द्रीय सदस्य सुनमाया नेपाली, गण्डकी प्रदेश अध्यक्ष कालिदास सुवेदीले वन उद्यम सञ्चालन गर्न सजह नितीको खाँचो औल्याउनुभयो। कार्यक्रममा पोखरा २५ हेमजास्थित पानी उद्योग सञ्चालन गर्ने फुर्केटारी र लप्सीको अचार उत्पादन गर्ने वनपाले सामुदायिक वन समुहलाई सम्मानपत्रले सम्मान गरिएको थियो। महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा महासंघ मादी गाउँपालिकाका अध्यक्ष सिर्जना पौडेल जिल्ला उपाध्यक्ष चुडामणी अधिकारी लगायतले वन्यजन्तु नियन्त्रणमा सरकार जिम्मेवार हुनु पर्ने आवश्यकता औल्याउनुभयो। अधिवेशनमा सचिव पार्वती सुवेदीले सांगठनिक र कोषाध्यक्ष अम्विका आचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

# नेपाली टोलीको घोषणा

**रासस**
काठमाडौं, १ बैशाख

नेपाल क्रिकेट सङ्घ (क्यान) ले नेपालमा आयोजना हुने एसीसी पुरुष प्रिमियर कप क्रिकेट खेल्ने १४ सदस्यीय नेपाली टोलीको घोषणा गरेको छ।

क्यानले काठमाडौं रोहित पौडेलको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरेको हो। नेपाली टोलीमा कप्तान पौडेलसहित कुशल भुर्तेल, भीम सार्की, आसिफ शेख, प्रतिष जिसी, ज्ञानेन्द्र मल्ल, ललित राजवंशी र कुशल मल्ल, आरिफ शेख, दीपेन्द्र सिंह ऐरी, गुलशन झा, सोमपाल कामी, करण केसी र सन्दीप लामिछाने रहेका छन्। यसैगरी वैकल्पिक खेलाडीतर्फ किशोर महतो, अर्जुन साउद, सन्दीप जोरा र सूर्य तामाङ रहेका छन्।

एसियन क्रिकेट काउन्सिल (एसीसी) को आयोजनामा हुने उक्त प्रतियोगिता यही वैशाख ५ गतेदेखि १८ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताका खेल कीर्तिपुरस्थित त्रिवि मैदान र मूलपानीमा रहेको क्रिकेट मैदानमा सञ्चालन हुनेछ। प्रतियोगितामा विभिन्न १० राष्ट्रको सहभागिता रहने छ। सहभागी राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ।

# गोरखा मिलन समाज पोखराको क्यालेण्डर विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख



गोरखा मिलन समाज पोखराले नयाँ वर्ष २०८० सालको क्यालेण्डर विमोचन तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।

गोरखा जन्मघर भई पोखरामा आएर स्थायी वा अस्थायी रुपमा पोखरालाई कर्मथलो बनाई बस्दै आएका समस्त गोर्खालीको साझा संस्था गोरखा मिलन समाज पोखराले यही वैशाख २ गते शनिबार विशेष कार्यक्रम बिच गोर्खालीको ठूलो संख्यामा उपस्थितिका साथ उक्त कार्यक्रम गरेको हो। समाजका अध्यक्ष कोपिला श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि गण्डकी प्रदेश सभाका सदस्य माननीय शुशिला सिंखडा रहनुभएको थियो भने अतिथिको रुपमा ताल तथा विकास प्राधिकरण, गण्डकी प्रदेश का प्रमुख डा कल्पना देवकोटाको उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै माननीय शुशिला सिंखडाले गोरखाबाट पोखरा आएर पनि गोर्खालीले समग्र क्षेत्रमा गर्विलो उपस्थिति देखाएको र समाजले पनि विशेष कार्यक्रम गर्दै पोखरामा विशिष्ट पहिचान छोड्न सफल रहेको भन्दै सन्तोष व्यक्त गर्नुभयो।

त्यस्तै अतिथि कल्पना देवकोटाले गोरखाली हरु बिचको आपसी सद्भाव र आत्मीयता अद्वितीय रहेको र यसमा आफू पनि खुशी रहेको बताउनु भयो। उक्त कार्यक्रममा बोल्दै अध्यक्ष कोपिला श्रेष्ठले नयाँ कार्यसमिति आएदेखि हरेक महिना न्यूनतम एउटा महत्वपूर्ण कार्यक्रम गर्दै आएको जानकारी गराउनुभयो। पूर्व अध्यक्षहरु, सल्लाहकारहरु तथा सम्पूर्ण उपस्थित महानुभाव बाट शुभकामना आदान प्रदान गरिएको उक्त क्यालेन्डर प्रकाशन कार्य तथा विमोचन कार्यक्रमको संयोजन समाजका कार्यसमिति सदस्य काजी गाउँले सम्पूर्ण सहयोगीहरुलाई धन्यवाद ब्यक्त गर्नु भएको थियो भने स्वागत मन्तब्य उपाध्यक्ष अग्रिम श्रेष्ठले राख्नु भएको थियो। उक्त कार्यक्रमको सञ्चालन समाजका महासचिव क्या. सन्त बहादुर लामिछानेले गर्नु भएको थियो।

**Madhyanepal Municipality**
**Office of the Municipal Executive**
**Bhorletar, Lamjung**

**Invitation for Sealed Bids for procurement of Fabricated Steel Parts forTrail Bridges**

**Contract Identification No: TB-1/2079//80**
**First Date of Publication: 2080/1/4**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Madhyanepal Municipality for **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Madhaynepal Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhynepal Municipality.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Krishi Bikas Bank Bhorleatar, Lamjung
   Name of Office: Madhyanepal Municipality,
   Office of Municipal Executive, Bhorletar lamjung
   Account No: Office (revenue) Account no. **0317901210260067**
5. Bids must be submitted to the office of Madhyanepal Municipality, before 12:00 noon on 2 may 2023) Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours 2 may 2023 at the office of Madhyanepal Municipality, Bhorletar lamjung Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT)**, which shall be **valid for 30 days** beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 0317901210260032 at krishi bikas bank bhorletar, lamjung) and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| **Fabrication of steel parts and Fixtures transportation up to road heads of Tamakhani Bhalu Khola Trial** | 1265323.93 | 32000 | 1000 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# माछापुच्छ्रे सहकारीको क्यालेण्डर विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख



माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. ले नयाँ वर्ष २०८० को क्यालेण्डर प्रकाशित गरेको छ।

सहकारीका संरक्षक हेडम्ब राज पराजुलीले आइतबार एक कार्यक्रममा विमोचन गरे । सहकारीका अध्यक्ष पुष्पराज पराजुलीको अध्यक्षतामा भएको कार्यक्रम प्रबन्धक रविरमण तिवारीले सहकारीको अवस्थाको बारेमा जानकारी गराएका थिए । नयाँ वर्षको शुभकामना आदानप्रदान राखिएको कार्यक्रममा सल्लाहकार संयोजक डाक्टर वीर बहादुर कार्की, सल्लाहकारहरु प्राध्यापक डाक्टर ईन्द्र प्रसाद तिवारी, सुशील राज पराजुली, डाक्टर नन्द श्रेष्ठ, डाक्टर देव बहादुर थापाले सहकारिता मर्म अनुसार चल्न सके टिकाउ हुने विचार राखेका थिए। कार्यक्रममा उपाध्यक्ष वर्षा केशव पराजुली र सचिव तोयनाथ लामिछाने सहकारीले सुशासन कायम राखेकाले टिक्न सकेको, विचार राखे । अध्यक्ष पुष्पले ईमान्दार भएर काम गरेमा कुनै कठिनाइ नआउने बताए। सहकारी संचालक समितिको बैठकले छ जनालाई सल्लाहकार चयन गरेको पत्र हस्तान्तरण गरिएको थियो । सल्लाहकार संयोजक निवर्तमान अध्यक्ष डा.वीर बहादुर कार्की, सल्लाहकारहरु प्राध्यापक डा.ईन्द्र प्रसाद तिवारी, डा. नन्द श्रेष्ठ, डा.देव बहादुर थापा, सुशील राज पराजुली, खगराजशर्मा आचार्य छन।

# म्याग्दीका विद्यार्थीले भर्नासँगै पुस्तक पाए

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

म्याग्दीको बेनी नगरपालिका-५ डडुवाको ज्योति आधारभूत विद्यालयका कक्षा ६ का विद्यार्थीले गत शैक्षिक सत्रमा पूरा पुस्तक बिना नै परीक्षामा सहभागी भएका थिए।

यसपालि भने नयाँ शैक्षिक सत्रको सुरुआतमै पर्याप्त पुस्तक विद्यालयमा पुगिसकेको प्रअ मीनबहादुर खत्रीले बताउनुभयो। "गत शैक्षिक सत्रमा कक्षा ६ का विद्यार्थीले अङ्ग्रेजी विषयको पुस्तक बिना नै परीक्षा दिनुपरेको थियो," उहाँले भन्नुभयो, "नयाँ शैक्षिक सत्रमा भने भर्ना अभियानसँगै विद्यार्थीको हातहातमा पुस्तक वितरण गर्ने तयारीमा छौँ ।" ज्योति आधारभूत मात्र नभएर म्याग्दीका दुई सय ५० मध्ये आइतबारसम्म ७० प्रतिशत सामुदायिक विद्यालयमा नयाँ शैक्षिक सत्रको पुस्तक पुगिसकेको नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासङ्घले जनाएको छ।

महासङ्घका जिल्ला अध्यक्ष नवराज पौडेलले शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहको शिक्षा शाखासँग समन्वय गरेर बेनीमा बिक्री केन्द्र स्थापना गरेर पुस्तक बिक्री वितरणको काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। "टाढाका विद्यालयलाई प्राथमिकता दिएर गत चैत २८ गतेदेखि पुस्तक वितरण सुरु गरेका थियौँ," उहाँले भन्नुभयो, "धवलागिरि, मालिका, रघुगङ्गा, अन्नपूर्ण र मङ्गला गाउँपालिका तथा बेनी नगरपालिकाको ७० प्रतिशत विद्यालयमा पुस्तक पुगिसकेको छ।" जनक शिक्षा सामग्री लिमिटेडको पोखरास्थित बिक्री केन्द्रबाट म्याग्दीका व्यवसायीले आयात गरेको पुस्तक विद्यालयलाई पालिकाअनुसार समय तालिका बनाएर बेनीबाट वितरण गरिएको हो।

शिक्षा विकास तथा समन्वय एकाइको तथ्याङ्कका आधारमा प्रतिकक्षा एक हजार चार सयदेखि एक हजार नौ सय सेटको हाराहारीमा पुस्तक आयात गरिएको थियो । म्याग्दीमा वार्षिक रु एक करोड मूल्य बराबरको पुस्तक खपत हुन्छ।

# युनाइटेड क्लबद्धारा भुलभुला आधारभुत विद्यालयमा पुस्तकालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख



युनाइटेड क्लब पोखराले पोखरा ३३ तल्लो पुँडिटारमा रहेको भुलभुला आधारभुत विद्यालयमा पुस्तकालय स्थापना गरेको छ।

क्लबको १३ औं वार्षिकोत्सवको अवसरमा आयोजित साताब्यापी कार्यक्रम अन्तर्गत आइतबार भुलभुला आधारभुत विद्यालयमा स्थापना गरिएको पुस्तकालय हस्तान्तरण गरेको हो।

पुस्तकालयको पोखरा महानगरपालिका वडा नम्बर ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारीले उद्घाटन गर्दै युनाइटेड क्लबद्धारा स्थापना गरिएको पुस्तकालयको संरक्षण र पुस्तकालयमा पुस्तकको ब्यवस्थाको लागि आफ्नो वडाले सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे । त्यस्तै वडाको बिकासका लागी आफु हरदम लागीरहेको वताउदै भुलभुला देवी मन्दीर रहेको स्थानलाई पर्यटकीय स्थल बनाउन सकेको खण्डमा पुँडिटारमा आन्तरिक तथा बाह्य पर्यटक भित्रयाउन सकिने वताए।

युनाइटेड क्लबका सल्लाहकार तीर्थ श्रेष्ठले युनाइटेड क्लबले स्थापना कालदेखि समाजमा उल्लेखनीय काम गर्दै आईरहेको सन्दर्भमा पोखरा ३३ तल्लो पुंडीटारमा रहेको भुलभुला आधारभुत विद्यालयमा पुस्तकालय स्थापना गरि शिक्षाको स्तरोन्नतीमा पुर्याएको सहयोग प्रति धन्यवाद ब्यक्त गरे । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष हरि बहादुर पोखरेलले आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीलाई लक्षित गरि पुस्तकालय स्थापना गरेकोमा धन्यवाद ब्यक्त गरे। विद्यालयका प्रध्यानाध्यापक छविलाल पौडेलले पोखरा महानगरपालिका भित्र रहेतापनि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पुस्तकालयको अभाव खड्किरहेको अवस्गाथामा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी पुस्तकालय स्थापना गरेकोमा युनाइटेड क्लबलाई धन्यवाद ब्यक्त गरे। ३३ नम्बर वडा महानगरको पनि कर्णालि जस्तो दुरदराजमा रहेकाले विद्यार्थी संख्या न्युन रहेको उनको भनाइ रहेको थियो।

सो अवसरमा वोल्दै युनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाइटेड क्लबले स्थापना कालदेखीनै पोखरा महोत्सवको आयोजना गरी सामाजिक काम, पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा काम गर्दै आइरहदा एकदर्जन वढी सुामदायिक विद्यालयहरुमा अक्षयकोष, छात्रावृत्ति कोष, पुस्तकालय स्थापना, शैक्षिक सामाग्री बितरण जस्ता कार्यक्रमहरु गर्दै आइरहेको सन्दर्भमा भुलभुला आधारभुत विद्यालयमा आएर पुस्तकालय स्थापना गर्न पाउदा खुसी लागेको वताउदै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको उज्जवल भविष्यको समेत कामना गरे।

युनाइटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भुलभुला सामुदायिक बनका अध्यक्ष बैकुण्ठ गोदार, भुलभुला आमा समुहकी अध्यक्ष इश्वरी पोखरेल लगायतले वोलेका थिएभने कार्यक्रममा स्वागत मन्तब्य क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले गरेका थिए। क्लबका महासचिव दिनेश सुनारले सञ्चालन गरेको कार्यक्रममा क्लवका प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक गणेश तिमिल्सिनाले धन्यवाद मन्तब्य राखेका थिए।

# स्वास्थ्यकर्मी नहुँदा सेवा प्रवाहमा समस्या

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

बागलुङको काठेखोला गाउँपालिका-२ भीमापोखरामा रहेको स्वास्थ्य चौकीमा जनशक्ति अभाव हुँदा सेवा प्रवाहमा समस्या हुँदै गएको छ । जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै रहेको यस स्वास्थ्य चौकीमा एक स्वास्थ्यकर्मी मात्रैले सेवा दिँदै आएका छन्।

स्वास्थ्य चौकी प्रमुखसमेत रहनुभएका आशिष सापकोटाले माघदेखि एक्लै सेवा दिँदै आउनुभएको छ। गत चैत ४ गते अनमी यशोदा सापकोटा स्वास्थ्य चौकीमा आए पनि उहाँले ३० गते जागिर छाड्नुभयो । तीन सातासम्म दुई स्वास्थ्यकर्मीले सेवा प्रवाह गर्दा केही सहज भए पनि अहिले समस्या परेको स्वास्थ्य चौकी प्रमुख सापकोटाको भनाइ छ। यस स्वास्थ्य चौकीमा दुई अनमी, दुई अहेब र एक हेल्थ असिस्टेन्टको दरबन्दी भए पनि अहिले एक्लै सेवा प्रवाह गर्नुपरेको उहाँले बताउनुभयो। स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर पनि छ।

जनशक्ति नहुँदा बर्थिङ सेन्टर सञ्चालन हुनसकेको छैन । गर्भवतीलाई सुत्केरी गराउन बागलुङ बजार झर्नुपर्ने अवस्था छ। अहिले सापकोटासँग एक कार्यालय सहयोगी कार्यरत छन् । दैनिक २० जना बिरामी आउने गरेकामा गर्मी बढेसँगै बिरामी संख्या बढ्न थालेको बताइएको छ।

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. २०१४/०७/१७ गते**

**स्वः डम्बर बहादुर गुरुङ**

**स्वर्गारोहणः**
**वि. सं. २०७६/१२/१३ गते**

कास्की जिल्ला मादी गाउँपालिका वाड नं. ११ भगवती बराल डाँडा साविक घर भई हाल पोखरा महानगरपालिका वडा नं. १२ सितलादेवी अधैत्य मार्ग निवासी बराल डाँडा तमु समाज सेवा समिति पोखराका पूर्व अध्यक्ष **डम्बर बहादुर गुरुङ** को ६२ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको पितृ कार्य (अर्घौं) को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बराल डाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार**
**पोखरा**